**" मीठे बच्चे– यो ड्रामाको खेल एक्युरेट चलिरहेको छ , जसको जो पार्ट जुन घडी मा हुनुपर्छ , त्यही रिपिट भइरहेको छ , यो कुरा यथार्थ रीतिले बुझ्नु छ।"**

**प्रश्नः–** तिमी बच्चाहरूको प्रभाव कहिले निस्किन्छ? अहिलेसम्म कुन शक्तिको कमी छ?

**उत्तरः–** जब योगमा मजबुत हुन्छौ तब प्रभाव निस्किन्छ। अहिले त्यो तागत छैन। यादबाट नै शक्ति मिल्छ। ज्ञान तरबारमा यादको शक्ति हुनुपर्छ, जुन अझै कम छ। यदि आफूलाई आत्मा सम्झेर बाबालाई याद गरिरहयौ भने बेडा पार हुन्छ। यो सेकेण्डको कुरा हो।

**ओम् शान्ति।** रूहानी बच्चाहरूलाई रूहानी बाबा बसेर सम्झाउनु हुन्छ। रूहानी बाबा एकलाई नै भनिन्छ। बाँकी सबै हुन् आत्माहरू। उहाँलाई परमात्मा भनिन्छ। बाबा भन्नुहुन्छ– म पनि हुँ आत्मा। तर म परम सत्य हुँ। म नै पतित-पावन, ज्ञानको सागर हुँ। बाबा भन्नुहुन्छ– म आउँछु नै भारतमा, बच्चाहरूलाई विश्वको मालिक बनाउन। तिमी नै मालिक थियौ नि। अब स्मृति आएको छ। बच्चाहरूलाई स्मृति दिलाउनु हुन्छ– तिमी पहिला सत्ययुगमा आयौ फेरि पार्ट खेल्दै, ८४ जन्म भोगेर अब अन्त्यमा आएका छौ। तिमीले आफूलाई आत्मा सम्झ। आत्मा अविनाशी हो, शरीर विनाशी हो। आत्माले नै देहको साथमा आत्मासँग कुरा गर्छ। आत्म-अभिमानी भएर रहँदैनौ भने अवश्य देह-अभिमान छ। म आत्मा हुँ, यो सबै भुलेका छन्। भनिन्छ पनि– पाप आत्मा, पुण्य आत्मा, महान् आत्मा। उनीहरू फेरि परमात्मा त बन्न सक्दैनन्। कसैले पनि आफूलाई शिव भन्न सक्दैन। शरीरको शिव नाम त धेरैको छ। आत्मा जब शरीरमा प्रवेश गर्छ तब नाम राखिन्छ किनकि शरीरबाट नै पार्ट खेल्नु पर्छ। त्यसैले मनुष्य फेरि शरीरको भानमा आउँछन्, म फलानो हुँ। अहिले सम्झन्छन्– हामी आत्मा हौं। हामीले ८४ को पार्ट खेल्यौं। अहिले हामीले आत्मालाई जानिसकेका छौं। हामी आत्मा सतोप्रधान थियौं, फेरि अहिले तमोप्रधान बनेका छौं। बाबा आउनु हुन्छ नै तब, जब सबै आत्मामा मैला लाग्छ। जसरी सुनमा मिसावट पर्छ नि। तिमी पहिला सच्चा सुन थियौ, फेरि चाँदी, तामा, फलाम परेर तिमी बिलकुल कालो भएका छौ। यो कुरा अरू कसैले पनि सम्झाउन सक्दैन। सबैले भन्छन् आत्मा निर्लेप छ। मैला कसरी पर्छ, यो पनि बाबाले सम्झाउनु भएको छ, बच्चाहरूलाई। बाबा भन्नुहुन्छ– म आउँछु नै भारतमा। जब बिलकुल तमोप्रधान बन्छन्, तब आउँछु। एक्युरेट समयमा आउँछु। जसरी ड्रामामा एक्युरेट खेल चल्छ नि। जुन पार्ट जुन घडी हुनु पर्ने हो, त्यस समयमा फेरि दोहोरिन्छ, त्यसमा अलिकति पनि फरक पर्न सक्दैन। त्यो हो हदको ड्रामा, यो हो बेहदको ड्रामा। यी सबै धेरै महीन, बुझ्नु पर्ने कुरा छन्। बाबा भन्नुहुन्छ– तिम्रो जुन पार्ट चल्यो, त्यो ड्रामा अनुसार। कुनै पनि मनुष्य मात्रले न रचयिताको, न रचनाको आदि मध्य-अन्त्यलाई जानेका छन्। ऋषि-मुनिले पनि नेती-नेती भन्दै आए। अब तिमीसँग कसैले सोधे– रचयिता र रचनाको आदि-मध्य-अन्त्यलाई जान्नुहुन्छ? तब तिमीले तुरुन्तै भन्न सक्छौ– हो, जान्दछु। त्यो पनि तिमीले अहिले मात्र जान्न सक्छौ फेरि कहिल्यै पनि जान्न सक्दैनौ। बाबाले सम्झाउनु भएको छ– तिमीले नै म रचयिता र रचनाको आदि-मध्य-अन्त्यलाई जानेका छौ। यी लक्ष्मी-नारायणको राज्य कहिले हुन्छ, उनीहरूले यो जानेका हुन्छन्? जानेका हुँदैनन्, उनीहरूमा कुनै ज्ञान हुँदैन। यो पनि आश्चर्य छ। तिमीले भन्छौ– हामीमा ज्ञान छ। यो पनि तिमीले जानेका छौ– बाबाको पार्ट नै एक पटक हुन्छ। तिम्रो लक्ष्य-उद्देश्य नै हो– यी लक्ष्मी-नारायण बन्ने। बनिसकेपछि फेरि पढाइको कुनै आवश्यकता नै रहँदैन। वकिल बन्यो सो बन्यो। बाबा जो पढाउनेवाला हुनुहुन्छ, उहाँलाई याद त गर्नुपर्छ। उहाँले तिमीलाई सबै सहज बनाइदिनु भएको छ। बाबा बारम्बार तिमीलाई भन्नुहुन्छ– पहिला आफूलाई आत्मा सम्झ। म बाबाको हुँ। पहिला तिमी नास्तिक थियौ, अहिले आस्तिक बनेका छौ। यी लक्ष्मी-नारायणले पनि आस्तिक बनेर नै यो वर्सा लिएका हुन्, जुन अहिले तिमीले लिइरहेका छौ। अहिले तिमी आस्तिक बनिरहेका छौ। आस्तिक-नास्तिक यी शब्द यस समयका हुन् त्यहाँ यी शब्द नै हुँदैनन्। सोध्नु पर्ने कुरा नै रहन सक्दैन। यहाँ प्रश्न उठ्छ त्यसैले त सोध्छन्– रचना र रचयितालाई जानेका छौ? तब भन्छन् जान्दैनौं। बाबाले नै आएर आफ्नो परिचय दिनुहुन्छ र रचनाको आदि-मध्य-अन्त्यको रहस्य सम्झाउनु हुन्छ। बाबा हुनुहुन्छ बेहदको मालिक, रचयिता। बच्चाहरूलाई सम्झाइएको छ– अन्य धर्म स्थापक पनि यहाँ अवश्य आउने छन्। तिमीलाई साक्षात्कार गराइएको थियो– इब्राहिम, क्राइस्ट आदि कसरी आउँछन्। उनीहरू त अन्त्यमा, जब धेरै आवाज फैलिन्छ तब आउँछन्। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! देह

सहित देहका सबै धर्महरूलाई त्यागेर मलाई याद गर। अहिले तिमी सम्मुख बसेका छौ। आफूलाई देह सम्झिनु छैन, म आत्मा हुँ। आफूलाई आत्मा सम्झेर बाबालाई याद गरिरहयौ भने बेडा पार हुन्छ। सेकेण्डको कुरा हो। मुक्तिमा जानको लागि नै आधाकल्प भक्ति गर्छन्। तर कुनै पनि आत्मा फर्केर जान सक्दैन।

५ हजार वर्ष पहिला पनि बाबाले यो सम्झाउनु भएको थियो, अहिले पनि सम्झाउनु हुन्छ। श्री कृष्णले यो कुरा सम्झाउन सक्दैनन्। उनलाई बाबा पनि भन्न सकिँदैन। बाबा हुन्छन् लौकिक, अलौकिक र पारलौकिक। हदका पिता लौकिक, बेहदका पिता हुनुहुन्छ– पारलौकिक, आत्माहरूका। र, एक यी हुन् संगमयुगी आश्चर्यजनक बाबा, यिनलाई अलौकिक भनिन्छ। प्रजापिता ब्रह्मालाई कसैले याद गर्दैनन्। उहाँ हाम्रो ग्रेट ग्रेट ग्रेन्ड फादर (आदि पिता) हुनुहुन्छ, यो बुद्धिमा आउँदैन। भन्छन् पनि, आदि देव, एडम....तर भनाइ मात्र। मन्दिरमा पनि आदि देवको चित्र छ नि। तिमी त्यहाँ गयौ भने सम्झन्छौ, यो त हाम्रो यादगार हो, बाबा पनि बस्नु भएको छ, हामी पनि बसेका छौं। यहाँ बाबा चैतन्यमा बस्नु भएको छ, त्यहाँ जड चित्र राखिएको छ। माथि स्वर्ग पनि ठीक छ, जसले मन्दिर देखेका छन्, उनीहरूले जानेका छन्– बाबाले हामीलाई अहिले चैतन्यमा राजयोग सिकाइरहनु भएको छ। फेरि पछि मन्दिर बनाउँछन्। यो स्मृतिमा आउनु पर्छ– यो सबै हाम्रो यादगार हो। यी लक्ष्मी-नारायण अब हामी बनिरहेका छौं। थियौं, फेरि सिँढी उत्रिँदै आयौं, अब फेरि हामी घरमा गएर रामराज्यमा आउछौं। पछि हुन्छ रावण राज्य फेरि हामी वाममार्गमा जान्छौं। बाबा कति राम्रोसँग सम्झाउनु हुन्छ– यस समयमा सबै मनुष्य मात्र पतित छन् त्यसैले पुकार्छन्– हे पतित-पावन आएर हामीलाई पावन बनाउनुहोस्। दुःख हरेर सुखको मार्ग बताउनुहोस्। भन्छन् पनि, भगवान अवश्य कुनै भेषमा आउनु हुन्छ। अब कुकुर, बिरालो, ढुङ्गा-पत्थर आदिमा त आउनुहुन्न। गायन पनि छ– भाग्यशाली रथमा आउनु हुन्छ। बाबा स्वयं भन्नुहुन्छ– म यस साधारण रथमा प्रवेश गर्छु, यिनले आफ्नो जन्मलाई जानेका छैनन्। तिमीले अहिले जानेका छौ– यिनको धेरै जन्मको अन्तिम जन्ममा जब वानप्रस्थ अवस्था हुन्छ तब मैले प्रवेश गर्छु। भक्तिमार्गमा पाण्डवका धेरै ठूला-ठूला चित्र बनाएका छन्, रंगूनमा बुद्धको पनि धेरै ठूलो चित्र छ। यति ठूलो कुनै पनि मनुष्य कहाँ हुन्छ र! बच्चाहरूलाई त अब हाँसो लाग्छ होला, रावणको चित्र कस्तो बनाएका छन्। दिन-प्रतिदिन ठूलो बनाउँदै जान्छन्। यो के चीज हो, जो हर वर्ष जलाउँछन्! यस्तो कुनै दुस्मन नै हुनुपर्छ। दुस्मनको नै चित्र बनाएर जलाउँछन्। ठीक छ, रावण को हो? कहिले दुस्मन बन्यो? जसलाई हर वर्ष जलाउँदै आउँछन्। यस दुस्मनको बारेमा कसैलाई पनि थाहा छैन। यसको अर्थ कसैले पनि बिलकुलै जानेका छैनन्। बाबा सम्झाउनु हुन्छ– ती हुन् नै रावण सम्प्रदाय, तिमी हौ राम सम्प्रदाय। अहिले बाबा भन्नुहुन्छ– गृहस्थ व्यवहारमा रहेर कमल फूल समान बन र मलाई याद गर्दै गर। भन्छन्– बाबा हंस र बकुल्ला सँगै कसरी रहन सकिन्छ, खिट-पिट हुन्छ। त्यो त अवश्य हुन्छ, सहन गर्नुपर्छ। यसको लागि धेरै युक्ति छन्। बाबालाई भनिन्छ राझू रमजबाज। सबैले उहाँलाई याद गर्छन्– हे भगवान दुःख हर्नुहोस्, दया गर्नुहोस्, मुक्ति दिनुहोस्। उहाँ मुक्तिदाता बाबा सबैका एउटै हुनुहुन्छ। तिम्रो पासमा जो कोही आउँछन् भने उनलाई बेग्ला-बेग्लै सम्झाऊ, कराँचीमा एक-एकलाई बेग्ला-बेग्लै बसेर सम्झाउँथे। तिमी बच्चाहरू जब योगमा मजबुत हुन्छौ तब तिम्रो प्रभाव निस्किन्छ। अहिले अझै त्यो तागत आएको छैन। यादबाट शक्ति मिल्छ। पढाइबाट शक्ति मिल्दैन। ज्ञान तरबार हो, त्यसमा योगको बल भर्नु छ। त्यो शक्ति कम छ। बाबा सधैं भनिरहनु हुन्छ– प्यारा बच्चाहरू! यादको यात्रामा रहनाले तिमीलाई तागत मिल्छ। पढाइमा त्यति तागत छैन। यादबाट तिमी सारा विश्वको मालिक बन्छौ। तिमीले आफ्नो लागि नै सबैथोक गर्छौ। धेरै आए फेरि गए। माया पनि बलवान छ। धेरै आउँदैनन्, भन्छन्– ज्ञान त धेरै राम्रो छ, खुसी पनि हुन्छ। बाहिर गयो खतम। अलिकति पनि टिक्न दिँदैन। कसै-कसैलाई धेरै खुसी हुन्छ। ओहो, अहिले बाबा आउनु भएको छ, हामी त जान्छौं आफ्नो सुखधाममा। बाबा भन्नुहुन्छ– अहिले पूरा राजधानी नै स्थापना कहाँ भएको छ र। तिमी यस समयमा हौ ईश्वरीय सन्तान फेरि हुन्छौ देवता। डिग्री कम भयो नि। मीटरमा प्वाइन्ट हुन्छ, यति प्वाइन्ट कम। तिमी अहिले एकदम उच्च बन्छौ फेरि कम हुँदा-हुँदा तल आउँछौ। सिँढी तल उत्रिनु नै छ। अब तिम्रो बुद्धिमा सिँढीको ज्ञान छ। चढ्ती कला, सर्व का भला। फेरि बिस्तारै-बिस्तारै कला घट्दै जान्छ। सुरुदेखि लिएर यस चक्रलाई राम्ररी बुझ्नु छ। यस समयमा तिम्रो चढ्ती कला हुन्छ किनकि बाबा साथमा हुनुहुन्छ नि। ईश्वर, जसलाई मनुष्यहरू सर्वव्यापी भन्छन्, उहाँ बाबाले मीठे बच्चे! भनिरहनु हुन्छ र बच्चाहरूले फेरि बाबा-बाबा भनिरहन्छन्। बाबाले हामीलाई पढाउन आउनु भएको छ, आत्माले पढ्छ। आत्माले नै कर्म गर्छ। हामी आत्मा शान्त स्वरूप हौं। यस शरीरद्वारा कर्म गर्छौं। अशान्त शब्द नै तब भनिन्छ जब दुःख हुन्छ। बाँकी शान्ति त हाम्रो स्वधर्म हो। धेरैले भन्छन् मनको शान्ति होस्। अरे! आत्मा त स्वयं शान्त स्वरूप हो, उसको घर नै हो शान्तिधाम। तिमीले आफूलाई भुलिसकेका छौ। तिमी त शान्तिधामका

निवासी थियौ, शान्ति त्यहाँ नै मिल्छ। आजकल भन्छन्– एक राज्य, एक धर्म, एक भाषा होस्। वन कास्ट, वन रिलिजन, वन गड। अब सरकारले लेख्छ पनि– ईश्वर एक हुनुहुन्छ फेरि सर्वव्यापी किन लेख्छन्? वन गड त कसैले मान्दैनन्। त्यसैले अब तिमीले फेरि यो लेख्नु छ। लक्ष्मी-नारायणको चित्र बनाउँछौ, माथि लेख– सत्ययुगमा जब यिनको राज्य थियो तब एक ईश्वर, एक देवता धर्म थियो। तर मनुष्यले केही पनि बुझ्दैनन्, ध्यान दिदैनन्। ध्यान उनको जान्छ जो हाम्रो ब्राह्मण कुलको छ। अरू कसैले पनि बुझ्दैनन् त्यसैले बाबा भन्नुहुन्छ– बेग्ला-बेग्लै बसाऊ अनि सम्झाऊ। फर्म भराऊ तब थाहा हुन्छ किनकि कोही कसैलाई मान्ने होला, कोही कसैलाई। सबैलाई सँगै कसरी सम्झाउँछौ। आ-आफ्नो कुरा सुनाउन लाग्छन्। सबैभन्दा पहिला त सोध्नुपर्छ– कहाँ आउनु भएको छ? बी.के. को नाम सुन्नु भएको छ? प्रजापिता ब्रह्मासँग तपाईंको के सम्बन्ध छ? कहिल्यै नाम सुन्नु भएको छ? तपाईं प्रजापिता ब्रह्माको सन्तान हुनुहुन्न, हामी त यथार्थमा हौं। हुनुहुन्छ तपाईं पनि तर जान्नुहुन्न। सम्झाउने धेरै युक्ति चाहिन्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) मन्दिर आदिलाई देख्दा सदा यही स्मृति रहोस्– यी सबै हाम्रै यादगार हुन्। अब हामी यस्तै लक्ष्मी-नारायण बनिरहेका छौं।

२) गृहस्थ व्यवहारमा रहेर कमल फूल समान रहनु छ। हंस र बकुल्ला साथमा रहँदा धेरै युक्तिले चल्नु पर्छ। सहन पनि गर्नुपर्छ।

**वरदानः–** **मायाको बन्धनहरूबाट स दा निर्बन्धन रहने योगयुक्त , बन्धनमुक्त भव**

बन्धनमुक्तको निशानी हो सदा योगयुक्त। योगयुक्त बच्चाहरू जिम्मेवारीको बन्धन वा मायाको बन्धनबाट मुक्त हुन्छन्। मनको पनि बन्धन नहोस्। लौकिक जिम्मेवारी त खेल हो, त्यसैले निर्देशन अनुसार खेल सम्झेर हाँस्दै खेल, तब कहिल्यै साना-साना कुराहरूमा थाक्ने छैनौ। यदि बन्धन सम्झन्छौ भने दिक्क हुन्छौ। के, किन का प्रश्न उठ्नेछन्। तर जिम्मेवार बाबा हुनुहुन्छ, तिमी निमित्त हौ। यस स्मृतिबाट बन्धनमुक्त बन, तब योगयुक्त बन्छौ।

**स्लोगनः–** गर्ने-गराउनेवाला बाबाको स्मृतिद्वारा भान र अभिमानलाई समाप्त गर।